# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)

हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

१७ चैत, २०७९

### अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर मानव अधिकार उपभोगको वातावरण सुनिश्चित गर्न आग्रह

देशका विभिन्न भागमा विगत केही दिन यता घटेका घटना तथा प्रदर्शनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । ती घटनाहरुको आयोगले मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरिरहेको छ ।

कोशी प्रदेशको नामाकरणको विषयलाई लिएर विरोधमा गरिएको आन्दोलनको क्रममा लाजेहाङ लिम्बु (पदम लिम्बु) को मृत्यु भएको, काठमाडौँमा आफ्ना मागहरु राखी विरोध गर्नेलाई नियन्त्रणमा लिने क्रममा सुरक्षाकर्मीहरुद्वारा प्रदर्शनकारीहरुको मुख थुनिएको र तराई मधेशका विभिन्न जिल्लाहरुका 'मिटरब्याज' पीडित भनिएकाहरु न्यायको लागि सरकारको ध्यानाकर्षण गराउन भनी लामो पैदलयात्रा पार गरी काठमाडौँमा आई प्रदर्शन गरिरहेका जस्ता घटनाहरु आयोगको जानकारीमा आएका छन् । यी घटनाहरुले मानव अधिकारको स्वतन्त्र उपभोगमा चुनौती खडा भएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९, नेपालको संविधानको धारा १७ एवम् नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १९ ले नागरिकको मर्यादित ढङ्गले विचार राख्ने र शान्तिपूर्ण गतिविधि गर्ने स्वतन्त्रताको प्रत्याभूति गरेको छ । नागरिकहरुका यी अधिकारहरुको सुनिश्चितता गर्नु राज्यको दायित्व हुन्छ ।

अत : नागरिकको शान्तिपूर्ण रुपमा भेला हुने र आफ्ना विचारहरु राख्न पाउने अधिकारको सम्मान गर्न, कुनै पनि व्यक्तिलाई कानुनी कारबाहीको दायरामा ल्याउँदा मानव अधिकारमैत्री विधि र व्यवहार गर्न, कोशी प्रदेशमा ज्यान गुमाएका पदम लिम्बुका परिवारलाई क्षतिपूर्ति प्रदान गर्न, उनको मृत्युको घटनामा संलग्न दोषीलाई कानूनी दायरामा ल्याउन, 'मिटरब्याज' पीडित भनिएकाहरुका सम्बन्धमा आवश्यक कानुन निर्माण गर्न र गृह मन्त्रालयद्वारा मिति २०७९/४/२७ गते गठित मिटरब्याजी अपराध नियन्त्रण सिफारिस कार्यदलबाट प्रस्तुत प्रतिवेदनका सिफारिसहरु कार्यान्वयन गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, आफ्ना मागहरु राख्दा विधिसङ्गत, शान्तिपूर्ण, मर्यादित ढङ्गले राख्न र आफ्ना अधिकारको प्रयोग गर्दा अरुको अधिकारमा आँच आउनसक्नेतर्फ ध्यान पुऱ्याउन आयोग प्रदर्शनकारीहरुलाई अनुरोध गर्दछ ।

डा.टीकाराम पोखरेल<br>
प्रवक्ता/सहसचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org